## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २५ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बङ्गालमा जल जीवन मिशन अन्तर्गत हरेक घरमा पिउने पानी पुऱ्याउने योजना केन्द्र सरकारको कम अनुदानको कारणले बाधित भइरहेको राज्य सरकारले आरोप लगाएको छ।

२. भाजपा नेता अमित मालवीयले पश्चिम बंगालमा तृणमूल कंग्रेस सरकारले हिन्दूहरूलाई मतदाता सूचीबाट हटाएर बंगलादेशी तथा रोहिंग्या अुप्रवेशकारीहरूलाई भोटर बनाइरहेको आरोप लागाउनु भएको छ I

३. दार्जीलिंग जिल्ला अस्पतालका एसिस्टेन्ट सुपरिटेन्डेन्टलाई प्राणघातक हमला गरेको अभियोगमा पक्रा परेका अस्पतालकै कर्मचारी सम्पुर्ण राईलाई आज अदालतमा पेस गरियो।

४. भारतीय गोर्खाहरूको स्थायी राजनीतिक समाधानको माग गर्नु हुदै दार्जिलिङका विधायक नीरज जिम्बा तामाङले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र पठाउनु भएको छ।

५. खरसाङ महकुमा खेलकूद संघको आयोजनामा भईरहेको स्वर्गीय केदारनाथ मेमोरियल टी ट्वेन्टी क्रिकेट टुर्नामेन्टको चौथो दिन आज दुईवटा म्याच सम्पन्न भएको छ।

**जल जीवन – बङ्गाल**

पश्चिम बङ्गालमा जल जीवन मिशन अन्तर्गत हरेक घरमा पिउने पानी पुऱ्याउने योजना केन्द्र सरकारको कम अनुदानको कारणले बाधित भइरहेको राज्य सरकारले आरोप लगाएको छ। केन्द्रबाट पूर्ण राशि प्राप्त नभएको कारणले वर्ष 2025-सम्म यस परियोजनालाई पूरा गर्ने लक्ष्य थाँतीमा रहन सक्ने भएकोले राज्य सरकारले आफ्नो पक्षबाट अतिरिक्त धनराशि आवन्टन गरी परियोजनाका कार्यहरूलाई तीव्रता दिने निर्णय लिएको सरकारले बताएको छ। जल जीवन मिशनको शुरुआत वर्ष 2019-मा भएको थियो भने पश्चिम बंगालमा यसलाई वर्ष 2020-को मध्यबाट लागू गरिएको थियो। राज्य सरकार अनुसार केन्द्रबाट पूर्ण राशि प्राप्त नभएको कारणले परियोजनाका कार्यहरूमा बाधा आइरहेको छ। त्यसैले राज्य सरकारले सो कार्य सुचारु रूपमा जारी राख्नका लागि केन्द्र सरकारको अंशदारीदेखि अलग्गै अतिरिक्त 1 हजार 2 सय 91.38 करोड़ रुपियाँ आवन्टन गर्ने दाबी गरेको।

****** ० ******

**अमित मालवीय- टीएमसी**

भाजपा नेता अमित मालवीयले पश्चिम बंगालमा तृणमूल कंग्रेस सरकारले हिन्दूहरूलाई मतदाता सूचीबाट हटाएर बंगलादेशी तथा रोहिंग्या अुप्रवेशकारीहरूलाई भोटर बनाइरहेको आरोप लागाउनु भएको छ I उहाले नदिया जिल्लामा एकजना मुस्लिम व्यक्तिको अनुरोधमा खण्ड विकास अधिकारी (बीडीओ)- ले तत्काल कारबाही गर्दै 98 जना हिन्दूहरूको नाम मतदाता सूचीबाट हटाउने प्रक्रिया शुरू गरेको दाबी गर्नु भएको छ। श्री मालवीयले आज एक शोसल मिडिया मार्फत मुख्यमन्त्री ममता ब्यनर्जीको निर्देशमा यो काम भइरहेको आरोप लागउनु भएको छ I उहाले मुख्यमन्त्री ममता व्यनर्जीलाई मुस्लिम मतदाताहरूको समर्थन रहेको र हिन्दू भोटरहरूलाई कमजोर बनाउने षड़यन्त्र रचिरहेको बताउनु भएको छ ।

****** ० ******

**दार्जीलिंग -अस्पताल हमला**

दार्जीलिंग जिल्ला अस्पतालका एसिस्टेन्ट सुपरिटेन्डेन्टलाई प्राणघातक हमला गरेको अभियोगमा पक्रा परेका अस्पतालकै कर्मचारी सम्पुर्ण राईलाई आज दार्जीलिङ पुलिसद्वारा जिल्ला अदालतमा पेस गरियो। अदालतले जमानतको अर्जिलाई अस्वीकार गर्दै सम्पूर्ण राई लाई १४ दिनको न्यायिक हिरासतमा पठाएको जिल्ला अदालत दार्जीलिङका ए पिपि पंकज

प्रसादले जानकारी गराउनु भएको छ। हिज लगभग १२ बजेर ३० मिनटतिर जिल्ला अस्पतालका एसिस्टेन्ट सुपरिटेन्डेन्टलाई उनको च्याम्बर भित्रै सम्पूर्ण राईले प्राण घातक आक्रमण गरेको थियो भने पुलिसले राईलाई तत्कालै पक्राउ गरेको थिए। राईलाई मेडिकल सर्भिस पर्सन्स एण्ड सर्भिस ईन्स्टिच्युटन एक्टमा केस दर्ता गरिएको ए पि पि पंकज प्रसादले बताउनु भएको छ ।

****** ० ******

**निरज जिम्बा - पत्र**

भारतीय गोर्खाहरूको स्थायी राजनीतिक समाधानको माग गर्नु हुदै दार्जिलिङका विधायक नीरज जिम्बा तामाङले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र पठाउनु भएको छ। पत्र मार्फत विधायक जीम्बाले भारतीय गोर्खाहरूको भविष्य सुनिश्चित गर्न संवाद प्रक्रिया तत्काल पुनः सुरु गर्न अपील गर्नु भएको छ। 'गोर्खाको सपना मेरो सपना' भन्ने वाक्यलाई स्मरण गराउँदै अब भाषणमा होइन, गोरखाहरुलाई सम्मानजनक राजनीतिक हैसियत प्रदान गरियोस् भनी पत्रमा मांग गरिएको छ। पत्रको अन्त्यमा श्री जिम्बाले प्रधानमन्त्री मोदीलाई इतिहासको निर्णायक घडीमा न्यायपूर्ण कदम चाल्न आग्रह गर्नु भएको छ। अब केन्द्र सरकारले यस गम्भीर मागलाई कसरी सम्बोधन गर्छ भन्ने प्रश्न महत्त्वपूर्ण बन्न पुगेको छ।

****** ० ******

**विद्यार्थी -प्रदर्शन**

कलकतास्थित रवीन्द्र भारती विश्वविद्यालयको जोड़ासांको क्याम्पसमा विद्यार्थीहरूको विरोध प्रदर्शन निरन्तर जारी छ। आज विद्यार्थीहरूले अस्थायी कुलपति शुभ्रकमल मुखर्जीको कार्यालय बाहिर ताला झुण्डाएर उनको कक्ष कोठा अघि धरनामा बसे। कुलपतिले आफ्नो मर्जीले विश्वविद्यालय संचालन गरिरहेको र विद्यार्थीहरूसित दुर्व्यवहार गरिरहेको प्रदर्शनकारीहरुले आरोप लगाएका छन् । प्रदर्शनकारी विद्यार्थीहरूको भनाइ अनुसार , जबसम्म स्थायी समाधान हुँदैन तबसम्म विरोध जारी रहनेछ। रवीन्द्र भारती विश्वविद्यालयका विद्यार्थीहरूमा गत केही दिनदेखि यता अस्थायी कुलपतिलाई लिएर आक्रोश व्याप्त भएको थियो। गत सोमवार जोड़ासांको क्याम्पसमा विद्यार्थीहरूले कुलपतिको विरोधमा नाराबाजी शुरू गरेका थिए भने आज विरोध अझ उग्र भयो। प्रदर्शनकारी विद्यार्थीहरूले कुलपतिको कार्यालय बाहिर ताला झुण्डाएर धरनामा बसे। यस अतिरिक्त विश्वविद्यालयको प्रवेश द्वारमा पनि विद्यार्थीहरूले प्रदर्शन गरे I प्रदर्शनकारी विद्यार्थीहरुले पश्चिम बंगाका राज्यपाल सी.वी. आनन्द बोसले शुभ्र कमल मुखर्जीलाई अस्थायी कुलपतिको रूपमा नियुक्त गरेपछि उनले मनामानी ढंगमा काम गरिरहेको आरोप लगाएका छन् ।

****** ० ******

**प्रकाश गुरुङ – जमानत अस्वीकार**

इन्डियन गोर्खा जनशक्ति फ्रन्टका सस्थापक नेता प्रकाश गुरुङको जमानत अस्वीकार भएको छ I उनलाई आगामी ५ अपरेलसम्म न्यायिक हिरासतमा राखिने भएको छ। पक्राउ परेका आईजीजेएफ नेता प्रकाश गुरुङलाई हिजो अदालतमा पेश गरिएको थियो, जहाँ उनले आफ्नो बचाउमा जमानतको माग गरेका थिए। तर, अदालतले उनको जमानत निवेदन अस्वीकार गर्दै आगामी ५ अप्रेल २०२५ सम्मका लागि न्यायिक हिरासतमा पठाएको छ। एस.आई.अमिताभ मल्लिक हत्या काण्ड सम्बन्धी मुद्दा (४३०/१७) मा प्रकाश गुरुङलाई अपराधी घोषित गरिएको थियो। उनलाई भारतीय दण्ड संहिता (IPC)- को धारा १७४ तथा भारतीय दण्ड संहिता (BNS)- को धारा २०९ अन्तर्गत अदालतमा प्रस्तुत गरिएको थियो।

****** ० ******

**भाजपा – निष्कासित**

पश्चिम बंगाल भाजपाले बेहाला पश्चिम विधानसभा क्षेत्र अन्तर्गत चारजना स्थानीय पदाधिकारीहरूलाई अस्थायी रूपमा पार्टीबाट निष्कासित गरेको छ। यी पदाधिकारीहरूमाथि गत आइतवार आयोजित एक सार्वजनिक कार्यक्रममा भाजपा कोलकाता-दक्षिण लोकसभा क्षेत्रका संगठनात्मक जिल्लाध्यक्ष अनुपम भट्टचार्य सहित अन्य नेताहरूसित दुर्व्यवहार गरेको आरोप लागेको थियो। भाजपाको पश्चिम बंगाल आन्तरिक अनुशासन समितिका प्रमुख प्रताप ब्यनर्जीद्वारा जारी पत्र अनुसार यी चारजना पदाधिकारीहरूलाई सात दिनभित्रमा लिखित रूपमा आफ्नो पक्ष राख्न निर्देश दिईएको छ। तबसम्मका लागि पार्टीबाट

उनीहरूलाई अस्थायी रूपमा निष्कासित गरिएको छ। निष्कासित गरिएका पदाधिकारीहरूमा जय घोष, राणा द्वारी, सुकुमार हाजरा अनि  दिव्येन्दु समन्ता सामेल छन्।

****** ० ******

**मदारीहाट- अवैध निर्माण ध्वस्त**

अलिपुरद्वार जिल्ला परिषद औ प्रशासनले मंगलवार मदारीहाट हाटमा अवैध निर्माण विरूद्ध  अभियान संचालन गरेर दर्जानौ अवैध निर्माणहरू भत्काएको जानकारी प्राप्त भएको छ । प्राप्त जानाकारी अनुसार, मदारीहाट हाटमा केही व्यवसायीहरूले सड़कमा कब्जा गरेर अवैध निर्माण गरेका थिए। यस सम्बन्धमा अलिपुरद्वार जिल्लाका  वन अधिकारी दीप नारायण सिन्हाले जिल्ला भरिका सबै हाटहरूमा रहेको अवैध निर्माणलाई ध्वस्त पारिने बताउनु भयो । उहाले  आजको  अभियान शुरु गर्न अघिय मदारीहाटको सड़कमा कब्जा गरेर पसल थाप्ने धैरैजना व्यवसायीहरूलाई अग्रिम नोटिस दिइएको बताउनु भएको छ  । उहाले नोटिस पाएपछि  धैरैजना व्यवसायीहरूले आफै अवैध निर्माणलाई ध्वस्त पारे तापनि कतिपय व्यवसायीहरुले नोटिसलाई वेवास्ता गरेपछि आज अवैद निर्माणहरु ध्वस्त पारेको  बताउनु भएको छ । यसका साथै उहाले कतिपय व्यवसायीहरूले सात दिनको समय मागेपछि उनीहरुलाई सात दिनको समय दिइएको पनि बताउनु भएको छ । यस कारबाहीमा मदारीहाटका खण्ड विकास अधिकारी पनि उपस्थित हुनुहुन्थ्यो ।

****** ० ******

**नागरी- आगलागी**

नागरी फार्म चियाबारीको  25 नम्बर जंगलमा आइतबार देखि नै आग्लागी भइरहेको छ। आगोले बिराट रुप लिदा आइतबार बेलुकी दार्जीलिङबाट आएको  अग्निशमन विभाग सहयोगमा धैरे नियन्त्रणमा ल्याउन सफल बनेको थियो तथापि आज दिउसो देखि फेरि आग्लागी शुरु भएको छ। आग्लागीले जनमानसमा कुनै क्षति नपुर्याए तापनि धैरैको बारीखेतीमा रहेको, सागसब्जी, रूखपात, सुन्तलाको बोट विरुवाहरु जलेर नष्ट भएको  छ। आगोले विराट रुप लिए 25 नम्बर माने डाडामा रहेको घर गाउलाई क्षति पुग्न सक्ने आशंकाबीच दार्जीलिङ अग्निशमन विभागका अधिकारी अनि  कर्मचारीहरु  घटनास्थलमा तैनाथ रहेका छन्।

****** ० ******

**मानसिक स्वस्थ्य- कार्यशाला**

तीनधारेको ब्लु डाईमण्ड अंग्रेजी स्कूलमा दार्जिलिङ गैर सरकारी संस्थाको प्रतिनिधिहरुको उपस्थितिमा  मानसिक स्वस्थ्य विषयमा कार्यशाला सम्पन्न भएको छ। कार्यक्रममा शिक्षिकाहरु र अभिभावकहरुको उपस्थितिमा मानसिक स्वस्थ्य विषयमा सुरेखा भट्टराईले विस्तृत रुपमा जानकारी गराउनु भयो । उहाले  मानसिक स्वस्थ्य विषयमा सचेतना स्कूलका नानीहरुमा मात्र नभएर सम्पूर्ण समुदायमा नै हुनु पर्ने र यसले स्वास्थ्य समाज निर्माणमा अहम भूमिका निर्वाह गर्ने कुरामा जोड दिनु भयो  । कार्यक्रममा मानसिक स्वस्थ्य विषयमा जागरुकता गराउने प्रतिनिधिहरु ,स्कूलकी शिक्षिकाहरु र अभिभावकहरुप्रति स्कूलका प्राचार्य रवि सुब्बाले आभार प्रकट गर्नु भएको छ ।

,

****** ० ******

**ईडेन धाम**

चैत्र नवरात्रीको शुभ उपलक्ष्यमा ईडेन धाम मन्दिरमा आगमी 30 मार्च देखि भव्य रूपमा माता दुर्गा भवानीको पूजा गरिने भएको छ । यसको साथै 1 अप्रेल देखि 5 अप्रेल सम्म  पाँच दिवसीय संगीतमय श्रीमद् मार्कण्डेय पुराण पनि सम्पन्न गरिने भएको मन्दिरको तर्फबाट माताजी सरिता लम्जेलले जानकारी गराउनु भएको छ । उहाले 30 मार्चको दिन मन्दिर बाट कलश यात्रा निकालेर महाकाल मन्दिर दर्शन साथै परिक्रमा गरी पूजा शुरु गरिने थप जानकारी दिनु भएको छ ।

****** ० ******

**घूम बाल प्राथमिक विद्यालय**

घूम बाल प्राथमिक विद्यालयमा प्रधान अध्यापक सांगे डुक्पाको नेतृत्वमा अभिभावक-शिक्षक सभा सम्पन्न भयो । उहाँले विद्यालयमा वार्षिक तीन सभा आयोजना गरिने जानकारी दिनु भएको छ । विद्यालयमा पानी, बिजुली, सफाइ कर्मचारीको अभाव, निःशुल्क खाता-किताबको गडबडी र नयाँ भवन उद्घाटन नहुनु जस्ता समस्याहरूमाथि व्यापक छलफल भयो । यसका साथै  मोबाइलको लतबाट बालबालिकालाई जोगाउन अभिभावकलाई आग्रह गरियो। प्रधानाध्यापक सांगे डुक्पाले

शिक्षकहरूको लागि डिजिटल उपस्थिति प्रणाली स्वागत योग्य रहेको बताउनु भयो । उहाले डेपुटी चेयरम्यान राजेश चौहानद्वारा सर्कल संख्या १३ बाट १६ पुऱ्याउने पहलप्रति पनि आभार व्यक्त गर्नु भयो।

****** ० ******

**क्रिकेट**

खरसाङ महकुमा खेलकूद संघको आयोजनामा खरसाङको भिक्टोरिया स्कूलको खेल मैदानमा भईरहेको स्वर्गीय केदारनाथ मेमोरियल टी ट्वेन्टी क्रिकेट टुर्नामेन्टको चौथो दिन दुईवटा म्याच सम्पन्न भएको छ। पहिलो म्याच ट्राई भिलेज ब्लाष्टर र युनाइटेड सिविटारमाझ सम्पन्न भएको छ। यस म्याचमा ट्राई भिलेज ब्लाटर ९ रनले बिजयी बनेको छ। यसरी नै दोस्रो म्याच खरसाङ ट्राफिक गार्ड र मझुवा ईलेभेनमाझ सम्पन्न भएको थियो भने खरसाङ ट्राफिक गार्डले मझुवा ईलेभेनलाई ४५ रनले पराजित गर्यो I म्याचमा उत्कृष्ट प्रदर्शन गरेवापत खरसाङ ट्राफिक गार्डका प्रवेस प्रधानलाईम्यान अफ् द म्याच चयन गरियो।

****** ० ******